फोन नं. ०८१-५२०२३०
ईमेल : bakdfo123@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मंत्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

## बोलपत्र आव्हानको सूचना

सूचना नं. DFO/W5/077/078

२०७८।०१।१६
राजु क्षेत्री
डिभिजनल वन अधिकृत

(प्रथम पटक नेपालगन्ज टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित मिति : २०७८।०१।१६ गते)

यस कार्यालयको आ.ब. ०७७/०७८ को वार्षिक कार्यक्रमबाट बाँकेको राप्तिसोनारी गाउँपालिका वडा नम्बर ८ स्थित शमसेरगन्ज माथेबास सरकारद्धारा व्यवस्थित वनमा तपशिलको निर्माण कार्य **e bidding** ठेक्का प्रक्रियाबाट गराउनु पर्ने भएकोले ईच्छुक फर्म, व्यवसायी वा कम्पनीहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७६/०७७ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको website **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र साथ राष्ट्रिय वाणिज्य बैंकमा रहेको डिभिजन वन कार्यालय बाँकेको राजस्व खाता नं. १-१-००१, कार्यालयको कोड नं. ३०७०२५७०१५ र राजस्व शिर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर दाखिला गरेको राजस्व भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ । **Hard copy** प्रयोगमा ल्याईने छैन ।

२) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिने छ ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

५) बोलपत्र फाराम साथ जमानत वापत तोकिएको रकम **राष्ट्रिय बाणिज्य बैक, धम्बोजि, नेपालगंजमा** रहेको **ख-२-३: प्रदेश लेखा नियन्त्रक कार्यालय धरौटी खाता नं ४१३०१००२०२०३०००० मा** जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरु बाट बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको **Scan copy** संलग्न गर्नु पर्नेछ ।

६) कालो सूचिमा नपरेको स्वयं घोषणापत्र बोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

७) संयुक्त उपक्रम (Joint Venture) को माध्यमबाट कामगर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धि सम्झौतापत्र पेश गर्नु पर्नेछ र संयुक्त उपक्रममा बढिमा ३ (तीन) वटा फर्महरुले संयुक्त रुपमा भागलिन सक्नेछन । सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनुपर्नेछ ।

८) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी वा फोन नं. ०८१५२०२३० मा सम्पर्क सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | रकम रु. (भ्याट र कन्टेन्जेसी बाहेक) | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | DFO/W5/077/078 | वन पथलाइ ग्राभेल गर्ने काम | ३३,४५,६७९.२० | ८५,०००.०० | ३,०००.०० |